अनुसूची – ३
(दफा ६ (१) सँग सम्बन्धित)

# देवघाट गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## देवघाट, तनहूँ
### गण्डकी प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सुचना
## (प्रथम पटक प्रकाशित मिति २०७९/०५/०७)

देवघाट गाउँपालिकाको लागि तपसिलको पदहरुमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध हुनेछ ।

| विज्ञापन नं. | सेवा करारमा लिने पद | माग पद संख्या | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| १९-२०७९/०८० | पशु चिकित्सक | १ | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र परिषद दर्ता भएको । | |
| २०-२०७९/०८० | कृषि स्नातक | १ | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको | |

**तपसिलः**

१. आवेदन दिने अन्तिम मिति :- यो सुचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र, उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समयसम्म ।
२. आवेदन दिने तरिकाः- आवश्यक कागजातहरू राखी देवघाट गाउँपालिका राजश्व शाखामा तोकिएको शुल्क बुझाई भौचर संलग्न राखी स्वयम् उपस्थित भई प्रशासन शाखामा आवेदन दिने ।
३. आवेदनमा संलग्न गर्नुपर्नेः उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, परिषद दर्ता प्रमाणपत्रको प्रतिलिपी (पशु चिकित्सकको हकमा), नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, अनुभव भए सो को प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।
४. आवेदन दस्तुरः १०००/- (एक हजार)
५. परीक्षाको किसिमः प्रारम्भिक योग्यताक्रम छनौट तथा अन्तर्वार्ता
६. उमेरः २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।
७. पारिश्रमिक तथा सेवा सुविधाः स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ बमोजिम हुनेछ ।
८. थप जानकारीका लागी :- टेलिफोन नं- ०५६-५०००६८, ९८४४२०९९४१
इमेलः devghat.ruralmun@gmail.com
९. सुचनामा उल्लेख भए बाहेकका अन्य कुराहरू उम्मेद्वार छनौट तथा पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत